**मिति २०७७।०२।०७ (विहान ८.००)**

आज मिति २०७७ साल जेठ ७ गते बुधबारका दिन विहान ८.०० मेचीनगर नगरपालिकाको प्रमुख श्री विमल आचार्यज्यूको अध्यक्षतामा उपप्रमुख श्री मीना पोखेल उप्रेतीज्यूलगायत देहायका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| प्रमुख श्री विमल आचार्य | दस्तखत |
| उप प्रमुख श्री मीना पोखेल उप्रेती | दस्तखत |
| वडा अध्यक्ष १, श्री पासाङ्ग तामाङ्ग | दस्तखत |
| वडा अध्यक्ष २, श्री तिलक न्यौपान | दस्तखत |
| वडा अध्यक्ष ३, श्री हर्कबहादुर बस्नेत | दस्तखत |
| वडा अध्यक्ष ४, श्री नवीन बराल | दस्तखत |
| वडा अध्यक्ष ५, श्री योगेन्द्र थापा | दस्तखत |
| वडा अध्यक्ष ६, श्री ललितबहादुर तामाङ्ग | दस्तखत |
| वडा अध्यक्ष ७, श्री चन्दन मेचे | अनुपस्थित |
| वडा अध्यक्ष ८, श्री विकेन्द्र धिमाल | दस्तखत |
| वडा अध्यक्ष ९, श्री गोपाल खड्का | दस्तखत |
| वडा अध्यक्ष १०, श्री सुवेशकुमार पनेरु | दस्तखत |
| वडा अध्यक्ष ११, श्री सन्तोषकुमार मेचे | दस्तखत |
| वडा अध्यक्ष १२, श्री नरेन्द्र धिमाल | दस्तखत |
| वडा अध्यक्ष १३, श्री कृष्ण सिग्देल | दस्तखत |
| वडा अध्यक्ष १४, श्री शंकर पोखरेल | दस्तखत |
| वडा अध्यक्ष १५, श्री गुणराज भट्टराई | दस्तखत |
| कार्यपालिका सदस्य श्री टीकाराम सार्की | दस्तखत |
| कार्यपालिका सदस्य श्री लक्ष्मी तामाङ्ग | दस्तखत |
| कार्यपालिका सदस्य श्री रुपा गुरुङ्ग | दस्तखत |
| कार्यपालिका सदस्य श्री कृष्ण कनाल | दस्तखत |
| कार्यपालिका सदस्य श्री पूर्ण मेचे | दस्तखत |
| कार्यपालिका सदस्य श्री निर्मला परियार | दस्तखत |
| कार्यपालिका सदस्य श्री विन्दा प्रसाइँ | दस्तखत |
| कार्यपालिका सदस्य श्री कुश्मीकुमारी चौधरी | दस्तखत |
| प्र. प्र. अ. श्री महेन्द्रकुमार खाम्याहाङ्ग | दस्तखत |
| ब. प्र. अ. श्री अनन्तप्रकाश वस्ती | दस्तखत |
| खाद्य विश्लेषक श्री दीपेन्द्र कार्की | दस्तखत |

**निर्णय नं. १.** यस मेचीनगर नगरपालिकाको चौथो र पाँचौ नगर सभाबाट स्वीकृत चालु आ. व. २०७६।०७७ को वार्षिक नगर विकास योजनाअन्तर्गतका आयोजनाहरु र नेपाल सरकार र प्रदेश सरकारबाट स्वीकृत भई आएका निर्वाचन क्षेत्र विकास कार्यक्रमअन्तर्गतका आयोजनाहरु समेत देहायानुसार कार्यान्वयन गर्न मेचीनगर नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिन निर्णय गरियो ।

**निम्न**

१. नगरसभाबाट स्वीकृत भएको आयोजनाहरुमध्ये उपभोक्ता समितिसँग संझौता नभएको हकमा आज मिति २०७७।०२।०७ देखि नै उपभोक्ता समितिसँग संझौता कार्य स्थगित गर्ने । र संझौता भइसकेको आयोजनाकको हकमा म्यादभित्रै आयोजनाहरुको स्थलगत अनुगमन गरी खूद प्राविधिक मूल्यांकन गरीगराई २०७७ जेठ मसान्तभित्रमा भुक्तानी व्यवस्था मिलाइसक्ने । कोरोनाभाइरस संक्रमणको नियन्त्रणको लागि लक डाउन लगायतको कारण चालु आ. व. २०७६।०७७ को नगरपालिकाको प्रक्षेपित आय न्यून भई कार्यसम्पन्न गरिएका आयोजनाको हकमा बजेट अभाव भएमा कार्यालयको योजना शाखा र आर्थिक प्रशासन शाखाबाट दायित्व सिर्जनाको विवरण दुरुस्त बनाई २०७७ असारमा बस्ने छैठौं नगर सभा बैठकबाट बजेट व्यवस्था गरी आगामी आ. व. २०७७।०७८ मा भुक्तानी गर्ने व्यवस्था मिलाउने । हालसम्म संझौता भई पेश्की नलिएका उपभोक्ता समितिलाई पेश्की नदिन कार्यालयबाट गरिएको कार्यवाहि समेत अनुमोदन गरियो ।

२. नेपाल सरकार तथा प्रदेश सरकारबाट स्वीकृत भई आएका सशर्त र विशेष अनुदानतर्फका वहुवर्षीय ठेक्का प्रक्रियाका आयोजनाहरुको भुक्तानी व्यवस्था सम्बन्धित निकायबाट आगामी आ. व. २०७७।०७८ मा समेत निकासा हुने गरी कार्यालयको योजना शाखा र आर्थिक प्रशासन शाखाबाट समयमै तयार गरी नेपाल सरकार, रष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा प्रदेश सरकारको हकमा आर्थिक मामिला तथा योजना मन्त्रालयमा दूरुस्त विवरण कार्यालयबाट पठाउन व्यवस्था गर्ने ।

३. प्रदेश सरकार र नेपाल सरकारबाट निर्वाचन क्षेत्र कार्यक्रमअन्तर्गत प्राप्त आयोजनाहरु ठेक्कामा लागी बाँकी रहेको रकम सोही आयोजना निरन्तरताको लागि सम्बन्धित मा. सदस्यज्यूहरुको सिफारिसमा मिति २०७७।०१।२१ को निर्णय नं. ३ अनुसारको व्यवस्थाअनुसार उपभोक्ता समितिसँग संझौता गरी सञ्चालन गर्ने । यी आयोजनाहरु २०७७ जेठ मसान्तसम्म मात्र प्रदेश सरकारको हकमा २०७७।०३।१० सम्म र नेपाल सरकारको हकमा २०७७।०३।१५ सम्म म्याद दिई उपभोक्ता समितिसँग संझौता गरी आयोजना सञ्चालन गर्ने ।

४. नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, तराई मधेश समृद्धि कार्यक्रमअन्तर्गत स्वीकृत ४ वटा कार्यक्रम ठेक्कामा लगाइएकोमा ठेकेदारले न्यूनतम् कबोल गरी बाँकी रहेको रकम सोही आयोजनाको बाँकी काम गराउन उपभोक्ता समितिसँग मिति २०७७।०१।२१ को निर्णय नं. ३ अनुसार हुने गरी संझौता गरी कार्यान्वयन गर्ने । यस कार्यको समर्थन गरिदिनको लागि नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, तराई मधेश समृद्धि कार्यक्रम, केन्द्रीय इकाइ कार्यालयमा अनुरोध गर्ने ।

५. चालु आ. व. २०७६।०७७ को लागि मेचीनगर नगरपालिका भरिका नदीहरुको तोकिएका नदीहरुको केन्द्रबाट नदीजन्य पदार्थ उत्खनन, संकलन र विक्री गर्न ठेकेदारसँग ठेक्का संझौता भईर्स कार्यान्वयनमा रहेको हुँदा उपभोक्ता समितिले संझौताअनुसारको निर्माण कार्यमा प्रयोग गरेको नदीजन्य पदार्थको विलका रुपमा ठेकेदारबाट जारी भएको आधिकारिक विलको मात्र भुक्तानी गर्ने । यस्तो विल पेश गर्न नसकेमा नदीजन्य पदार्थको विलसम्मको परिमाणको रकम उपभोक्ता समितिलाई भुक्तानी नगर्ने ।

**निणय नं. २.** विश्वव्यापीरुपमा कोरोनाभाइरसको संक्रमणबाट हुन सक्ने कोभिड–१९ रोगको रोकथाम र नियन्त्रणको लागि नेपाल सरकारबाट कोरोनाभाइरस नियन्त्रणको लागि उपचार र राहत कोषको निम्ति जुनसुकै कार्यक्रम शीर्षकबाट बजेट व्यवस्था गर्न सक्ने निर्देशन भएअनुसार यस नगरपालिकामा कोरोनाभाइरसको संक्रमण रोक्न निदानात्मक तथा उपचारात्मक कार्य र लकडाउनमा गैर संगठित क्षेत्रमा कार्यरत श्रमिक र असहायहरुको परिवारलाई राहत दिने प्रयोजनको लागि नगरपालिकाको विपद् व्यवस्थापन कोषमा मेचीनगर नगरपालिकाको चालु आ. व. २०७६।०७७ को योजना किताबको पाना नं. १३९ को क्र. सं. २२१ र २२२ को सामुदायिक वनसँग साझेदारी कार्यक्रमको लागि विनियोजित रु. ५ लाख र रु. ३० लाख समेत कूल रु. ३५ लाख प्रमुखस्तरीय निर्णयबाट नगरपालिकाको प्रकोप व्यवस्थापन कोषमा रकमान्तर गरी उल्लिखित कार्यको लागि नगर प्रमुख तथा उप प्रमुखज्यूको समन्वयमा विल भर्पाइअनुसार खर्च तथा भुक्तानी हुन र भएको कार्यको अनुमोदन गरियो ।